# विषय सूची


शीर्षक............................................................२

विषय सूची......................................................३

खण्ड क) सम्बोधन..............................................४

खण्ड ख) संक्षिप्त परिचय......................................५

खण्ड ग) पहिलो वर्षका केही महत्त्वपूर्ण उपलब्धिहरु..........६

अ) नीतिगत सुधार तर्फ..........................................६

आ) शुसाशन तथा वित्तिय क्षेत्र तर्फ..........................६

इ) सुचना संचार क्षेत्रमा........................................७

ई) पूर्वाधार विकासतर्फ..........................................८

उ) स्वास्थ्य तथा शिक्षा तर्फ....................................९

खण्ड घ) सारांशमा वार्षिक नीति तथा कार्यक्रम................१०

अ) पुर्वाधार विकास तर्फ........................................११

आ) आर्थिक विकास तर्फ..........................................१३

इ) सामाजिक विकास तर्फ........................................१६

ई) संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन तर्फ........२०

उ) श्रम तथा रोजगार सेवा तर्फ...............................२१

ऊ) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण तर्फः........२३

ऋ) वित्तिय शुशासन तर्फ.........................................२४

खण्ड ङ) तर्जुमा का आधारहरु.................................२५

अ) योजना/आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु........२६

आ) सुचना तथा संचार प्रविधि तर्फ.............................२६

खण्ड च) मुख्य कार्यक्रमहरु र विनियोजित बजेट..............२७

## खण्ड क) सम्बोधन

यस गरिमामय गाउँसभाका सम्माननीय सभाध्यक्ष महोदय,
प्रमुख अतिथी ज्यू, गाउँसभाका सदस्यज्यूहरु, सम्पूर्ण अतिथी गण,
कर्मचारी वर्ग, सुरक्षा निकाय, पत्रकार बन्दु, उपस्थित महानुभावहरु र
आधार स्तम्भका रुपमा रहेका अदानचुली गाउँपालिकाका आदरणीय न्याय प्रेमी जनताहरु

१. नेपालको संविधान २०७२ को भाग १९ धारा २३० को प्राप्त अधिकार अनुसार अदानचुली गाँउपालिकाको म उपाध्यक्षको हैसियतले संघीयता जारी भए पश्चातको दोश्रो कार्यकालको लागि यस सम्मानित गरिमामय सभामा आ. व. २०८०।०८१ को बजेट पेश गर्न उपस्थित भएको छु।

२. समाजवाद उन्मुख राज्य व्यवस्था प्राप्तीको जनयुद्ध र जन-आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान् सहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राज्य व्यवस्था परिवर्तनका लागि १० वर्षे जनयुद्ध र विभिन्न चरणका आन्दोलनमा आफ्नो शरिरका अंगहरु गुमाउनु हुने घाइते तथा अपांगहरुको उच्च सम्मान गर्न चाहन्छु।

३. नेपाली जनताले लोकतन्त्र प्राप्ति तथा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय-समयमा गरेका सशस्त्र संघर्ष, जनआन्दोलन एवम् प्रदेश स्थापनार्थ भएको आन्दोलन, स्थानीय तहको स्थापना र कार्यान्वयन भए पश्चात अदानचुली गाउँपालिकाको तेह्रौं सभामा आर्थिक वर्ष २०८०/०८१ को यस गाउँपालिकाको नीति तथा कार्यक्रम सहितको बजेट प्रस्तुत गर्न यस गरिमामय गाउँसभामा उपस्थित भएका छौं।

४. राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पुर्ण राजनैतिक दलका अग्रजहरुको योगदानको उच्च सम्मान सहित यसको लागि नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुको स्मरण गराउन चाहन्छु। जनताको विकासको चाहनाको सारथिको रुपमा भूमिका निर्वाह गर्नु भएका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र संघियताको दोश्रो कार्यकाल सँगै १ (एक) बर्षको कार्यकालमा आफ्नो अनुभव बटुलेर यस नीति कार्यक्रम तथा बजेट कार्यक्रम बनाउने काममा सहयोग गर्न अहोरात्र खट्नु भएका जनप्रतिनीधिहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

५. कोभिड-१९ को विश्वव्यापी तथा नेपाल उत्पन्न डेंगु लगायतका संक्रमणका कारणबाट उत्पन्न असहज परिस्थितिबाट हाल सम्मको समयमा पनि केही प्रभाव रही रहेको अवस्थामा यसको असरलाई न्युनिकरण गर्दै सहज जनजीवन स्थापित गर्ने विषय प्रमुख चुनौतिको विषय बनेको छ। दैवी प्रकोप, विपद तथा महामारी जस्ता आइपर्ने चुनौतीहरुलाई न्युनिकरण गर्दै उत्पन्न हाम्रा आवश्यकता र प्राथमिकताहरु पनि बदलिएका छन। यस परिस्थितिमा स्थानीय तहको बजेट तर्जुमा पनि सामान्य अवस्थाको भन्दा फरक रहनेछ।

६. स्थानीय तहले विभिन्न परिस्थितिबाट उत्पन्न असरबाट सिर्जित आवश्यकताको पहिचान गरी सोही आधारमा निति, कार्यक्रम र बजेटका प्रथमिकताहरु पनि निर्धारण गरेको छ।

## खण्ड ख) संक्षिप्त परिचय

**सभाध्यक्ष महोदय,**

अब म हाम्रो अदानचुली गाउँपालिकाको बारेमा संक्षिप्त परिचय दिन अनुमति चाहन्छु।

७. कर्णाली प्रदेश हुम्ला जिल्लाको दक्षिणमा अवस्थित १५०.६१ वर्ग किलोमिटर क्षेत्रफल भएको अदानचुली गाउँपालिकाको नेपालको सविधान २०७२ को धारा २९५ को उपधारा (३) वमोजिम कायम भएका स्थानीय तहहरू मध्ये अदानचुली गाउँपालिका पनि एक हो।

८. यसको पूर्व र उत्तरमा सर्केगाड गाउँपालिका, पुर्व दक्षिणमा मुगु जिल्ला , पश्चिम र दक्षिणमा ताजाकोट गाउँपालिका रहेका छन ।साविकका दुई वटा गा.वि.स हरू श्रीनगर र कालीका मिलेर वनेको यस गाउँपालिकामा छ वटा वडाहरू रहेका छन ।

९. राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या ८२६५ रहेको छ भने यस गाउपालिकामा परिवार संख्या १४८० रहेको छ । जनघनत्व ५५ जना प्रति वर्ग कि. मि रहेको छ । सून्दर प्राकृतिक बनोट, जैविक विविधताका साथै पर्यटन व्यावसायले समेत भरिपूर्ण र विविधतापूर्ण जातिय पहिचान रहेको छ । यस गाउँपालिकाको केन्द्र साविकको श्रीनगर गा.वि.स मा रहेको छ ।

१०. भाग्य र भविष्यका फैसाला गर्ने चरणका साक्षी हामी जनप्रतिनिधि सामु थुप्रै अवसरका साथसाथै चुनौतिहरु पनि विद्यमान छन। चुनौतीहरुलाई अवसरमा परिणत गर्दै यस गाउँपालिकाको समुन्नत अवस्था निर्माण गर्नका लागि अनवरत लागि परिरहेका हामी



CamScanner

जनप्रतिनिधि तथा कर्मचारीहरुले आ. व. ०८०।०८१ को बार्षिक निति तथा कार्यक्रम सहितको बजेट नेपालको संविधान, ऐन, कानुन, मन्त्रालयबाट प्राप्त दिग्दर्शन तथा विभिन्न विषयगत सिलिङ्गको आधारमा माग र आवश्यकतालाई ध्यानमा राखि सहभागितामूलक तवरले तर्जुमा गरेका छौं।

## खण्ड ग) पहिलो वर्षका केही महत्त्वपूर्ण उपलब्धिहरु

सभाध्यक्ष महोदय

जनताबाट अनुमोदित भई कार्यभार सम्हालेको १ बर्ष पुगी दोश्रो बर्षमा संघियता लागु भएको सातौ वर्ष लाग्दै गर्दा विभिन्न अन्यौलताहरु र चुनौतिहरुका बाबजुद उपलब्ध स्रोत साधनहरुको उच्चत्तम उपयोग गरि हामीले केही उल्लेख्य कार्यहरु गर्न सफल भएका छौं जसलाई म प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अ) नीतिगत सुधार तर्फ

क. स्थानीय सरकार सञ्चालनका लागि आवश्यक केही कानुनहरु संशोधन तथा नयाँ कानून निर्माण गरि कार्यान्वयन प्रारम्भ गरेका छौं ।

ख. केही कानुन तथा कार्यविधिको ड्राफ्ट तयारको लागि समितिका संयोजकहरुलाई जिम्मा लगाएको छ ।

ग. विभिन्न आयोजनहरुको **DPR** तयार तथा **Wash Plan** कार्य सम्पन्न गरेका छौ ।

घ. स्थानीय बजार अनुगमन, स्थानीय दरभाउ कायम जस्ता कार्यको थालनी गरेका छौं।

आ) शुसाशन तथा वित्तिय क्षेत्र तर्फ

क. गाउँ कार्यपालिकामा भएका सबै बैठकका निर्णयहरुलाई यस गाउपालिकाको वेवसाइट मा अपलोड गर्ने कार्य को व्यवस्था मिलाइएको छ।

ख. सुझाव पेटीकाको व्यवस्था गरी राय सुझाव संकलन गर्ने कार्य सुचारु भएको छ ।

ग. गुनासो सुनुवाइ गर्ने जिम्मेवार पदाधिकारीको सम्पर्क नम्बर र जिमेल समेत वेवसाइट मा उल्लेख गरिएको छ।

घ. सेवा प्रवाहमा छिटो छरितो र प्रभावकारी बनाउन वडा नं. ०५ र ०६ लाई मध्यनजर गरी कृषि, पशु उप-सेवा केन्द्र र अस्थायी प्रहरी चौकी स्थापनाका लागि पहल अगाडी बढाइएको छ।

ङ. कृषि तथा पशु जन्य क्षेत्रको कार्यको लागि वडामा समेत जनशक्तिको व्यवस्था गरिएको छ।

च. विषयगत जिम्मेवार कर्मचारीहरुलाई समय सिजन अनुसारका काम कारबाही अगाडि वढाउन उत्प्रेरित गरि उत्पादन मुलक कार्यको लागि कृषि खेती र पशुपालनको क्षत्रमा केही रकम व्यवस्था गरिएको छ।

छ. गाउँपालिकाको सम्पुर्ण कामकारवाहीलाई सुत्रको ई. एफ. टी. प्रणालीमा लगिएको छ।

ज. जिन्सी प्रणालीलाई व्यवस्थापन गर्न पाम्स प्रणाली सुचारु गरिएको छ।

झ. राजश्व वाहेकका सवै कार्यमा चेक लेस प्रणाली अवलम्वन गरिएको छ।

ञ. सार्वजनिक सुनुवाइको व्यवस्थाको लागि रेडियो श्रीनगर एफ. एम./रेडियो बुढिनन्दा एफ. एम. सँग समन्वयय गरि पारदर्शिता जफावदेहीता तथा तेश्रो पक्ष मुल्याङ्कन कार्यलाई बढवा दिइएको छ।

ट. पालिकाले अनलाइन मार्फत आम जनसमुदाय बाट नै १५ दिनको समय तोकी गाउँपालिकाको मौलिकता झल्किने आफ्नै लोगो तयार गरी छनौट गरेको छ।

## इ) सुचना संचार क्षेत्रमा

क. साविकको कालिकाको च्याममा 4G टावर निर्माण तथा सेवा विस्तार गरेका छौं ।

ख. श्रीनगर मोबाइल टावरको लागि नेपाल टेलीकमबाट २४ वटा सोलार ब्याट्री ल्याई स्तर उन्नतीको कार्य सम्पन्न गरिएको छ ।

ग. विकट भुगोलले सृजना गरेको कठीनाइहरुका बाबजुद पनि गाउँपालिका तथा वडा कार्यालयहरुलाई सुचना प्रविधि मैत्री बनाउनका लागि ईन्टरनेट जडान कार्य सम्पन गरेका छौं ।

घ. नेपाल सरकारको निति अनुरुप सामाजिक सुरक्षा कार्यक्रमलाई बैंकिङ प्रणालीमार्फत सञ्चालन गर्ने प्रणाली बैंकिङ एवं व्यक्तिगत घटना दर्ता प्रणालीलाई पनि अनलाईन प्रणालीमा सुचारु गरेका छौं ।

ङ. गाउँपालिकाका कामकाजलाई डिजिटलाइज गर्ने कार्यलाई प्रोत्साहित गरी आ.व. २०८०।०८१ बाट राजश्व संकलन, योजना सफ्टवेयर, **Group SMS** कार्य संचालनको लागी सम्पुर्ण कार्य तयारी भएको छ ।

ई) पूर्वाधार विकासतर्फ

क. प्रादेशिक स्थानीय सडक सुधार आयोजना (**PLRSP**) अन्तर्गत गल्फागाड श्रीनगर हुदै कालगाड सम्मको सडक **DPR** गरी १४.२ कि.मी. कालो पत्रे, स्तर उन्नती गर्ने गरी **World Bank** सँग समन्वय गरि कार्याक्रम लागु गरेका छौं।

ख. लौंठी-कालागाड, पाम्स-काँखे वारीगाउ, मच्छाड-रिल्म विगोठी, तिउन्याली भिर देखि कल्खे गाउँ सम्म तथा कालागाड देखि लमही पाल्स सम्मका रोडहरुको केही कार्य सम्पन्न गरेका छौ भने केही सडको **DPR** गरी कार्य थालिनी गरेका छौ ।

ग. वडा नं २ मा बुढा गाउँ देखि खौला सम्म, वडा नं. ५ मा पर्ने काँखे-बारिगाउँ कर्गैई सडक, वडा नं. ४ को रिल्म-विगोठी आदि रोडहरु प्रदेश सरकारको सहयोगमा निर्माण गर्न सफल भएका छौं।

घ. साविक कालिका गा. वि. स. मा पर्ने ४ र ५ रोड पुऱ्याउन तथा ६ नं. वडामा रोड कटान कार्य सुरुवात गर्न र साविक श्रीनगरमा पर्ने १, २ र ३ वडा मा खानीपानीको एक घर-एक धारा कार्य साकार गर्न तीनवटा **RVT Tank** निर्माण तथा मुहान सुधार गरेका छौं।

ङ. जनताका आवश्यकता परिपुर्तिमा सडक संजालको मुख्य योगदान रहने भएकोले यस गाउँपालिकाको बजेटबाट मात्र सवै सडक निर्माण गर्न सम्भव नभएकोले सिफारिस गरी संघीय सरकारबाट अगामी आ. व. मा संचालन हुने गरी रिङरोडको अवधारणा अनुसार मालझुल ठाना विगोठी लमही पाल्स ग्रामीण सडक, कालागाड -लमही पाल्स खण्ड सडक निर्माणको लागि बजेट व्यवस्था गर्न सफल भएका छौ ।

च. चार वटा विद्यालयका भवन, एकवटा विद्यालयमा खानेपानी र शौचालय तीनवटा विद्यालयमा आइसिटी ल्याबको व्यवस्था गरेका छौ ।

छ. विभिन्न पुल-पुलेसा मठ-मन्दिर, चर्च भवन, सिचाँई, गोरेटो बाटो तथा तटबन्धन निर्माण कार्य सम्पन्न गरेको छौं।

२०८०।०३।१०
अध्यक्ष



CamScanner

ज. कालागाँड खोलामा पक्कि पुलको निर्माण को लागि संघ सरकारको सहयोगमा डि. पि. आर. कार्य गर्ने व्यवस्था मिलाइएको छ।

झ. कालागाड-करगई स्याउले खण्डमा सडक निर्माण कार्य सुचारु भएको छ।

उ) स्वास्थ्य तथा शिक्षा तर्फ

क. एक वडा- एक स्वास्थ्यचौकी भन्ने नेपाल सरकारको निति अनुरुप छ वटै वडाहरुमा स्वास्थ्यचौकी वा समुदायिक स्वास्थ्य सेवा केन्द्र स्थापना गरि तदनुरुप स्वास्थ्यकर्मीहरुको व्यवस्था गरि सेवा सञ्चालन भैरहेको छ ।

ख. जीवन सुरक्षाका लागि सुविधा सम्पन्न अस्पलातलमा उपचार गर्न लैजान सरल, सहज तथा छिटो पुऱ्याउने व्यवस्थाको लागि एम्बुलेन्स सेवा संचालनमा ल्याइएको छ।

ग. मातृ शिशु सेवाको कार्यलाई सेवाग्राही मैत्री बनाउन एवं मातृ मृत्यु दर कम गर्ने उद्देश्य अनुरुप यस गाउपालिकामा रहेका दुईवटा वर्थिङ सेन्टरबाट प्रसुती भएकै समयमा यातायात खर्च पाउने व्यवस्था गरेका छौ।

घ. पुर्ण खोप गाउपालिका घोषण गर्न सफल भएका छौ।

ङ. शिक्षा क्षेत्रको विकासको लागि अनुगमन मुल्याङकन कार्यलाई वढी प्राथमिकता राखी अभिलेख व्यवस्थापन गर्नको लागि सुधार योजनाको तयारी गरेका छौ ।

च. स्थानीय शिक्षा ऐन तथा कार्यविधिको लागि संशोधन गरी समय अनुरुप बनाउन समितिका संयोजकलाई जिम्मा लागाइएको छ।

छ. दरवन्दी हेरफेर गरी नियमानुसार पाउने दरवन्दीको लागि शिक्षा विकास समन्वय इकाइ हुम्ला तथा शिक्षा विभाग काठमाडौमा समन्वय गरी केही अनुदान कोटाको व्यवस्था गरिएको छ ।

ज. कोभिड-१९ को प्रभाव सम्बन्धि केही पाठ्यसमाग्री तथा डिजिटलाइज प्रणाली तर्फ हालको युवापिढिको चासो रहने भएकोले सो तर्फका विभागीय नम्स अनुसारका भिडियो प्रस्तुती तयार गरेका छौं।

झ. विद्यालय अनुगमन प्रतिवेदन तयार गरी शिक्षा सम्बन्धि योजना तयार गर्ने गरी आगामी आ. व. मा योजना तयार गर्ने तथा यस आ. व. मा एक वटा सर्वोकृष्ट विद्यालय सहित अन्य चारवटा विद्यालयहरुलाई पुरस्कृत गर्ने भएका छौ ।

ञ. उच्च शिक्षा अध्ययनरत विद्यार्थीको लागि छात्रछात्रा वृद्धिको व्यवस्था गरी अध्ययन र पारिवारिक अवस्थाको आधारमा रकम अनुदानको व्यवस्था गरेका छौ ।

ट. स्थानीय सरकारको निर्माण तथा सञ्चालन भएपश्चात देखिएको कर्मचारी अभावले सेवा प्रवाहमा उत्पन्न समस्यालाई हल गर्न मन्त्रालयसंगको समन्वयमा लोकसेवा आयोगवाट स्वीकृत दरबन्दी बमोजिम कर्मचारी पुर्ति भैसकेको अवस्था छ ।

ठ. विभिन्न लक्षीत वर्गका कार्यक्रमहरु मार्फत सीप विकास सशक्तिकरण र स्व-आर्जनलाई अगाडी बढाइएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मेड्पा कार्यक्रम मार्फत स्थानीय स्तरमै स्वरोजारीको अवसरहरु प्रदान गर्ने कार्यको थालनी भएको छ ।

ड. विभिन्न विषयगत शाखाहरु मार्फत योजना, प्रशासन, रोजगार, पञ्जिकरण, कृषि, शिक्षा, पशु, स्वास्थ्य, महिला, बालबालिका, ज्येष्ठनागरिक, न्यायिक आदि क्षेत्रमा तदनुरुपका क्रियाकलापहरु सञ्चालन गरिदै आइएको छ ।

ढ. स्थानीय स्तरका विवाद तथा उजुरीहरुलाई स्थानीय स्तरमा नै न्यायिक सेवा प्रवाह गरी उजुरीहरुको सम्बोधन गर्ने काम न्यायिक समिति मार्फत हुदै आएको छ ।

## खण्ड घ) सारांशमा वार्षिक नीति तथा कार्यक्रम

**सभाध्यक्ष महोदय**

अव म यस अदानचुली गाउँपालिकाले आ. व. २०८०।०८१ का लागि अंगिकार गर्ने वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु

११. भौगोलिक विकटता र विविधता दुवै रुपमा चित्रित, गरिवी, सामाजिक कुप्रथा, रुढिवादी परम्परा, अशिक्षा, बेरोजगारी जस्ता थुप्रै समस्याहरु बाट ग्रसित यस अदानचुली गाँउपालिका लाई यस्ता समस्याहरु बाट मुक्त गराउन र विगतका दिन हरुको मुहार फेर्न तथा जनताका आधारभुत आवश्यकतालाई क्रमिक रुपमा पुरा गर्दै लैजाने नीति अनुरुप देहाय अनुसारको क्षेत्रगत र समिष्टगत वार्षिक नीति तथा कार्यक्रम तय गरिएको छ ।

अ) पुर्वाधार विकास तर्फ

१२. यस अदानचुली गाउँपालिका सडक संजालबाट टाढा रहेका वडाहरुमा ग्रामीण सडक निर्माण कार्यलाई निरन्तरतामा दिनुका साथै बजेटको सुनिश्चता गरेको छु ।

१३. यस अदानचुली गाँउपालिकामा सञ्चालनमा रहेको श्रीनगर खानेपानी योजनालाई आगामी एक वर्ष भित्र सम्पन्न गरी "एक घर-एक धारा, सरसफाईमा लागौं सारा" भन्ने मुल नाराका साथ कार्यक्रम आ. व. २०८०/०८१ भित्र सम्पन्न गरिने छ। खानेपानी तथा सरसफाई शाखा मार्फत पालिका भित्रका सम्पुर्ण खानेपानी योजनाहरुको रेखदेख, स्याहार, सम्भार र परिचालन गरिनेछ ।

१४. वास प्लान/Wash Plan अर्थात स्वच्छ खानेपानी तथा सरसफाई योजना ले गरेको कार्य दिशा तथा दृष्टिकोणलाई साकार गर्नको लागि विभिन्न सम्बन्धित निकाय तथा तालुक निकायमा समन्वय गरी कार्य थालनी गर्ने कार्यलाई प्रारम्भ गरेको छु।

१५. पालिका भित्र रहेका जमिनहरुलाई वर्गीकरण गरी उचित तथ्यांकको व्यवस्था प्रणाली लागु गरिनेछ।

१६. यस अदानचुली गाउँपालिका भित्र रहेका विभिन्न खेतियोग्य जमिन सिंचाइको अभावमा रहेकोले उक्त खेतियोग्य जमिनमा सिंचाइको लागी सिंचाई, नहर, पोखरी, प्लाष्टिक पोखरी तथा लिफ्ट सिचाइ निर्माण गर्ने कार्यक्रम तय गरिनेछ।

१७. प्रशासकीय भवन, वडा भवन तथा पन्ध्र सैंयाको अस्पताल निर्माणको लागि यसै आ. व. २०८०।०८१ बाट थालनी गर्ने गरी आवश्यक प्रकृयाको थालनी गरीने छ।

१८. शैक्षिक सुधारको लागि जिर्ण रहेका तथा भवन अभाव भएका विद्यालयको भवन निर्माणमा प्रथमिकता दिइ अबको भवनको संरचना भुकम्प प्रतिरोधात्मक तथा पक्की भवन निर्माण कार्यलाई प्राथमिकता राखेको छु ।

१९. गाउँपालिका भित्र निर्माण हुने २० लाख भन्दा बढि लागत भएका भौतिक पुर्वाधारका कार्यक्रमहरुको सन्दर्भमा अनिवार्य रुपमा DPR गरी सोको आधारमा कार्य आदेश गरी निर्माण कार्य संचालन गरिने व्यवस्था गरेको छु ।

२०. भौतिक पुर्वाधारको निर्माण कार्य यस आ.व.२०८०।०८१ बाट ठेक्का, बोलपत्र दरभाउ पत्र जस्ता कार्यलाइ पहिलो प्राथमिकतामा राखिएको छ। यसै दोश्रो प्राथमिकतामा दर्ता



मोहन सिंह
अध्यक्ष

उपभोक्ता समिति र तेश्रो प्राथमिकतामा समावेसी गाउँपालिकाले तोकेको संघिय तथा प्रादेशिक कानुन अनुसार हुने गरी जन पक्षिय उत्तरदायी उपभोक्ता समिति/टोल विकास समितिलाई कायम हुने व्यवस्था गरेको छु ।

२१. अदानचुली गाउँपालिकाले कायम गरेको योजना बैंकबाट /Project Bank जनताका आवाज सुनुवाई हुने गरी टोल, वस्ती, वडाबाट छनौट भई आएका योजनाहरु नै यस नीति तथा कार्यक्रममा समावेश गरेका छु।

२२. पुर्वधार योजनामा कहीकतै कमी कमजोरी नहोस भन्नको लागि योजनाको छनौट कार्य देखि सम्पन्न पश्चात सम्ममा पनि प्रत्यक्ष तथा अपत्यक्ष निखरानी राखे,अनुगमन तथा मुल्याङ्कन गर्ने, सार्वजनिक सुनुवाइ, सार्वजनिक अडिट, होर्डिङ बोर्ड जस्ता कार्यलाई कडाई का साथ लागु गर्ने नीति अवलम्वन गरेको छु ।

२३. आवश्यकता अनुसार भौतिक पुर्वाधार योजनाहरुमा स्तर उन्नतिको कार्यलाइ यस अदानचुली गाउँपालिकाले विभिन्न निकाय समन्वय गरी त्यसबाट तथा आफ्नो आन्तरिक श्रोतबाट हुने गरि कार्य थालनी गर्ने कार्यको व्यवस्था गरेको छु ।

२४. यस अदानचुली गाउँपालिका भित्र रहेको विभिन्न शाखा ग्रामिण सडकहरुको स्तरोन्नती गर्ने कार्यक्रम तय गरिनेछ। गाउँपालिकाका विभिन्न प्रशासनिक कार्यहरुको पँहुज पुर्याउन तथा वडा नं. ६ लमही-पाल्सका वासिन्दाहरुको दैनिक जीवनलाई सहज तुल्याउन कालागाड देखि लमही वडा कार्यालय हुंदै लिस्या पाल्स र वडा नं. ०५ को कालागाड-ठाडाकाट्ने सडक खण्ड जोड्ने कच्ची ग्रामीण सडक निर्माणमा प्राथामिकता दिएको छु ।

२५. वडा कार्यालय तथा वडाका वस्तिहरु जोड्ने सहायक ग्रामीण सडक निर्माण कार्यलाई पनि यस आ. व. २०८०।०८१ मा ट्र्याक खोल्ने गरी कार्य थालनी गर्ने कार्यलाई बजेटमा समावेश गरेको छु ।

२६. जलविद्युतको क्षेत्रमा यस अदानचुली गाउँपालिकामा रहेका दुई वटा साना जलविद्युत आयोजनालाई दिगो भर पर्दो बनाउन सम्बन्धित यस आयोजनाका उपभोक्ता समिति तथा संचालनक समितिसँग समन्वय गरी स्थायित्व कायम गरीने तर्फ जोड दिने छु।



CamScanner

२७. अदानचुली गाउँपालिकामा विभिन्न कार्यक्रम संचालन गर्न पालिका स्तरिय रंगशालाको आवश्यक भएकाले यस विषयलाइ मध्य नजर गरी पालिका स्तरिय रंगशाला निर्माणको कार्यलाई थालनी गर्ने कार्यलाइ प्राथमिकतामा राखेको छु ।

आ) आर्थिक विकास तर्फ

*कृषि तथा पशुपन्छी*

२८. "एक वडा एक नमुना फलफुल बगैंचा" प्राविधिकको राय र कार्यविधि अनुसार अदानचुली गाउँपालिका भित्रका प्रत्येक वडाहरुमा एक-एक वटा फलफुल बगैचा स्थापना गर्न कार्यक्रम अगाडी बढाइने छ ।

२९. पकेट कार्यक्रम अन्तर्गत ओखर, स्याउ, केरा, सुन्तला तथा कागतीको बगैंचा तयार गरी आत्मनिर्भर बनाउने उद्देश्यले नाफा परियोजना र अल्प सरोकारवाला संग समन्वय गरी उत्पादनलाई वृद्धि गरिने छ।

३०. "युवाको लक्ष्य सिप र दक्षतामा आधारित" कार्यक्रम अन्तर्गत युवालाई उधमशिलता तालिम तथा अभिमुखिकरण गोष्ठी संचालन गरी निजी तथा सामुहिक लगानी गरी उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ ।

३१. कृषकलाई विशेष व्यवस्थाको लागी कृषक दर्ता कार्यक्रम अगाडी बढाइ परिचयपत्र वितरण गरिने छ र सो को आधारमा पालिकामा लाग्ने स्थानीय करमा छुटको व्यवस्था गरिनेछ।

३२. एक गाउँ-एक कृषि तथा पशु प्राविधिकलाई मन्त्रालयसंगको समन्वय र सहकार्यमा व्यवस्थापन गरिनेछ ।

३३. अदानचुली गाउँपालिका भित्रको कृषिको तथ्यांकलाइ एकिकृत गर्न यसै आर्थिक बर्षमा कृषि तथ्यांकको गणना गरीने छ ।

३४. कृषि पशुपंक्षीपालनलाई व्यवसायिक बनाउन युवा स्वरोजगारमुलक मागमा आधारित युवा लक्षित कार्यक्रम संचालन गरिनेछ ।

३५. बाँझो जमिनमा फलफुल, तरकारी, खाध्यान्न बाली र पशुपंक्षीपालन गरेमा प्रति रोपनिका दरले कार्यविधि अनुसार विशेष अनुदान प्रदान गरिनेछ ।

३६. कृषि तथा पशुपालन सम्बन्धि भौगोलिक तथा बस्तुगत सम्भाव्यता अनुसन्धानको सुरुवात गरी ५ बर्षे कृषि गुरु योजना तयार गरीनेछ ।

३७. सेवा प्रवाहमा नीजिक्षेत्रको सहभागीताको लागि सहकारी र सामुहिक खेतिलाई प्रोत्साहन गरिनेछ।

३८. खाध्य पोषण सुधार गर्न "एक घर -एक करेसाबारी" कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३९. कृषकको उत्पादनलाई बजारीकरण गर्न कृषि उपज संकलन केन्द्र स्थापनाको निरन्तरता कार्यलाई अगाडी बढाइने छ।

४०. कृषिको उत्पादन तथा उत्पादकत्व बढाउनका लागी साना सिंचाई कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४१. भकारो सुधार गरिएको टोलहरुलाई अर्गानिक हरियो टोल बनाउनको लागी विषेश अनुदानको कार्यक्रम संचालन गरिनेछ।

४२. सम्भाव्यता अध्ययन गरी विशेषताको आधारमा एक-वडा एक उत्पादन कार्यक्रम अगाडी बढाउन यस आ. व. बाट सम्भाव्यता अध्ययनगरी कार्यक्रम संचालन कार्यविधि अगाडी बढाइने छ ।

४३. गाउँपालिका भित्रका पशुपंक्षिपालक कृषकका पशु तथा पंछीहरुमा लाग्ने विभिन्न रोगहरुको निःशुल्क उपचार तथ खोप व्यवस्थापन गरिनेछ ।

४४. दूध, मासु र अण्डामा आत्मनिर्भर बनाउनको लागी व्यवसायिक कृषकहरुलाई विशेष प्रोत्साहनको व्यबस्था गरिनेछ ।

४५. नविनतम् खोजमा आधारीत प्रविधियूक्त कृषकका लागी भरपर्दो सेवा उपलब्ध गराउन कृषि तथा पशुसेवा शाखा किसानको साथी कार्यक्रम संचालन गरिनेछ ।

४६. पशु आहाराको विकास र व्यवसायिकता बढाउन डाले र भुई घाँसको व्यवस्था गरिनेछ।

४७. विभिन्न वालिको विउमा आत्मनिर्भर बनाउन विउ उत्पादन कार्यक्रम अगाडी बढाइने छ ।

४८. "चिनौं आफ्नो माटो, बनाऔं अदानचुली" अभियान संचालन मार्फत युवाहरुलाई कृषि तर्फ उन्मुख हुने कार्यक्रम संचालन गरिनेछ ।

४९. कृषिको आधुनिकीकरण,व्यवसायिकीकरण तथा वाली विविधिकरण मार्फत गरिबीमा रहेका आम जनताको जीवन सुरक्षाका लागि" कोही भोकै पर्दैन, कोही भोकै मर्दैन " भन्ने कार्यक्रम

संचालन मार्फत गरिब घर परिवारका लागि कृषिजन्य वस्तुको उत्पादनका लागि कृषिमा अनुदान कार्यक्रमा संचालन गरिनेछ ।

५०. रैथाने बालिको उत्पादन तथा संरक्षणका लागि कृषकहरुलाई रैथाने वाली प्रर्वद्धन गर्न प्रेरित गरिनेछ ।

५१. मौरी पालनलाई थप व्यवसायिकीकरण गर्न मौरी पालक कृषकहरुलाई अनुदानका कार्यक्रम संचालन गरिनेछ ।

५२. वडा नं. ०५ को ओखर पकेट कार्यक्रमलाई निरन्तरता दिइएको छ।

५३. कृषि प्रदर्शनी कार्यक्रम संचालन गरी उत्पादनलाई बढवा दिइने छ।

*महिला ,बालबालिका, समाजकल्याण तथा सहकारी*

५४. बालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि प्रतियोगितात्मक, मनोरञ्जनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

५५. लैङ्गिक हिंसा मुक्त गाउँपालिका निर्माणका लागि विभिन्न कार्यक्रमहरु लागु गरिनेछन।

५६. छाउपडी, छुवाछुत प्रथा उन्मुलनका लागि थप जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

५७. बालविवाह, बहुविवाह रोकथामकालागि विभिन्न अभियान संचालन गरिनुका साथै जोखिममा रहेका बालवालिकाको संरक्षण प्रणालीको विकास गरिने छ ।

५८. समाजका अग्रज ज्येष्ठ नागरिकहरुका लागि सम्मानका कार्यक्रमहरु ल्याइनेछन ।

५९. महिला, बालवालिका, दलित, अल्पसंख्यक, फरक क्षमता भएका व्यक्तिहरु लगायतका लक्षित वर्गको क्षमता बिकासका लागि सिपमुलक, आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६०. पालिकाभित्र दर्ता भैसकेका सहकारीहरुलाई थप क्षमता विकास, पुंजी परिचालन तथा लेखापालनका तालिमहरु सञ्चालन गरि सकृय र आत्मनिर्भर स्वावलम्बन र सामुहिकताको बाटोतर्फ अगाडी डोर्याइनेछ ।

६१. नयाँ दर्ता हुने तथा सष्कृय सहकारी संस्थाहरुलाई आवश्यक पुर्वाधारसहित परिचालन गरि पुँजि विकास तथा लगानीका लागि प्ररित गर्दै लगिनेछ ।

६२. छोरी बैंक खाता संचालन भएको छ, यस कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२०८०/०३/१० मोहन विक्रम सिंह अध्यक्ष

६३. महिला, बालबालिका तथा लक्षित समुहलाई प्रोत्साह गर्नको लागि महिला हिंसा विरुद्ध हुने १६ दिने अभियान, नारी दिवस लगायतका कार्यक्रमको लागि बजेटको व्यवस्था गरिने छ।

६४. प्रत्येक वडामा बाल समूह गठन गरिने छ।

६५. पालिका भित्रका स्थानीय चाड पर्व, सस्कृती र विभिन्न दिवस मनाउनको लागि बजेटको व्यवस्था गरी प्रभावकारी कार्याब्यिन गरिने छ।

इ) सामाजिक विकास तर्फ

*शिक्षा तथा खेलकुद*

६६. बालविकास केन्द्रहरुको कार्यसम्पादनमा दक्षता अभिवृद्धि गर्न नियमित अनुगमन निरिक्षण गरी आवश्यक सुधार गर्नका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछन।

६७. निःशुल्क सहज र सर्वसुलभ शिक्षा प्रदान गर्नका लागी स्थानीय करार शिक्षकको व्यवस्था गर्न कार्यविधि तयार गरी गाउपालिका करार शिक्षक व्यवस्था गरिने छ।

६८. प्रविधिमैत्री शिक्षण सिकाइका लागी कम्प्युटर विषयको शिक्षकको लागी र विद्यालयको **IEMIS focal person** लाई **ICT** तालिमको व्यवस्था गरीनेछ ।

६९. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण गरी विद्यालयलाई पूर्वाधार सम्पन्न बनाउदै लगिनेछ ।

७०. सामुदायिक तथा संस्थागत विद्यालयको समग्र पक्षको सुक्ष्म अध्ययन गर्न सघन विद्यालय अनुगमन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

७१. पालिकाले संचालन गर्दै आएको उपलब्धि परीक्षा, वार्षिक परीक्षा र कक्षा ८ को परीक्षालाई थप व्यवस्थित गरिनेछ ।

७२. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न स्थानीय स्तरमा उपलब्ध सामाग्रीको प्रयोगलाइ जोड दिन लगाईनेछ ।

७३. कोभिड-१९ जस्ता माहामारी र विषम परिस्थितिको बेला क्षति न्यूनिकरणको अभिप्रायले वैकल्पिक माध्यमबाट सिकाइ सहजीकरणका लागि पाठ्य सामाग्री वितरण गरी विद्यालयको सिकाइलाई निरन्तरता दिइने छ ।

७४. विद्यार्थी संख्याको आधारमा एक विद्यालय एक पुस्तकालय कार्यक्रमलाई लागु गरिने छ ।

७५. विद्यालय बाहिर रहेका व्यक्तिहरुको लगत संकलन गरि अनिवार्य रुपमा विद्यालय भर्ना गरीने र कम्तिमा आधारभूत तहको देखि माध्यमिक तहसम्म निशुल्क शिक्षाको व्यवस्था निरन्तरता कायम गरिने छ।

७६. कक्षा ६-१० सम्मको प्रश्न निर्माण गाउँपालिका भरी एकरुपता गरिनेछ।

७७. शिक्षक तालिमको व्यवस्था विषयगत रुपमा गरिने छ।

७८. बिग विघालय, स्मार्ट विघालय, नमुना विघालय तथा हिमाली आवासीय विद्यालयको प्रोत्साहन सहितको अवधारणा ल्याइनेछ।

७९. विद्यार्थीमा सिकाई क्रियाकलापमा उत्प्रेरित गर्न जेहेन्दार विद्यार्थी पुरस्कार कार्यक्रम लागु गरिनेछ ।

८०. कक्षा ६ देखी १२ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका सबै छात्राहरुलाई स्यानिटेरी प्याड को व्यवस्थालाई निरन्तरता दिइने छ ।

८१. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक कार्यक्रम निर्माण गर्न सिकाइ उपलब्धि वृद्धि गर्न, स्थानीय सरकार, शिक्षक कर्मचारी, वि. व्य. स. अभिभावक बिच समय-समयमा छलफल तथा गोष्ठी संचालन गर्ने ।

८२. गाउँपालिका भित्रका विद्यालयको कार्यक्रम एकरुपताको लागी शैक्षिक पात्रोको व्यवस्था गरी सोही अनुरुप कार्यक्रम संचालन गर्न लगाइनेछ ।

८३. अदानचुली गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा खेलकुद कार्यक्रम संचालन गरी गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग कार्यक्रमको आयोजना गरीनेछ ।

८४. अदानचुली गाउँपालिका भित्रका समग्र शैक्षिक क्षेत्रको विवरणहरु अध्यावधिक गरी प्रकाशन गरिनेछ।

८५. स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिने छ।

८६. शैक्षिक भ्रमण तथा विभिन्न तालिमको व्यवस्था गरी शिक्षकको गुणस्तरमा वृद्धि गरिनेछ।

***स्वास्थ्य***

८७. सबै नागरिकलाई सहज तथा सुलभ आधारभुत स्वास्थ्य सेवाको पहुँच पुगाउने उद्देश्यले सबै वडाहरुमा आधारभुत सेवा सहितको सामुदायिक स्वास्थ्य ईकाईहरुमा आवश्यकता अनुसार

स्वास्थ्य कर्मीको व्यवस्था गरी सोही स्थानबाट सेवा प्रवाह गरिने त्यसको लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

८८. स्थानीय स्तरमा स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको लागि **Online Data Entry** गर्न त्यसको लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

८९. महिला प्रजनन स्वास्थ्यसंग सम्बन्धित हरेक पक्षको उत्थान, समस्या समाधान, सेवा विस्तार, गुणस्तरियता अनुगमन जस्ता अभियान संचालन गर्न आवश्यक बजेट व्यवस्था गरिने छ ।

९०. नेपालको सबिधान २०७२ को धारा ३८ मा उल्लेख भए अनुसार सबै आम नागरिकलाई स्वास्थ्य संस्थाबाट प्रवाह गरिने सम्पुर्ण आधारभुत स्वास्थ्य सेवा तथा आकस्मिक सेवालाई गुणस्तरीय, प्रभावकारी तथा व्यवस्थित गर्न आवश्यकता अनुसार समय सापेक्ष स्वास्थ्य कर्मी तथा महिला स्वास्थ्य स्यमंसेविकाहरुको कार्यक्षमता अभिवृद्धि गर्न आवश्यक जनस्वास्थ्य क्रियाकलाप तथा तालिमको संचालन गरिने छ।

९१. सरकार प्रमुखसंग अभिभावक कार्यक्रम अन्तरगत जेष्ठ नागरिकसंग सम्बन्धित समस्याहरुको पहिचान, उपचार तथा सम्मान कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

९२. स्वास्थ्य व्यवस्थापन समितिको पदाधिकारीहरुको क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ।

९३. शुन्य होम डेलिभरी पालिका घोषणाका लागि आवश्यक क्रियाकलापहरु निरन्तररुपमा संचालन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

९४. महामारी नियन्त्रण तथा विपद ब्यवस्थापनको लागि आवश्यक ब्यबस्था मिलाईने छ। साथै सबै टोल, वडा कार्यालय, विद्यालयहरुमा स्ट्रेचर खरिद गरी ब्यबस्था मिलाईने छ।

९५. "म स्वस्थ मेरो पालिका स्वस्थ" अभियान अन्तरगत सबै अदानचुली गाउपालिकाका आम नागरिकलाई स्वस्थ राख्न अभियान संचालन गरिने छ र त्यसको लागि स्वास्थ्य बिमा गर्ने अनिवार्य व्यवस्था गरिने छ।

९६. आगामी ५ वर्ष भित्र पालिकालाई पुर्ण सरसफाई युक्त पालिका घोषणा गर्न वार्ड तहबाट घोषणा गर्न पहल गरिने छ।

९७. पालिकाका सम्पुर्ण स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री कार्यक्रम लागु गरिनेछ।

९८. विद्यालयहरुमा समेत स्वास्थ्य परिक्षण अभियान कार्यक्रम गर्न आवश्यक पहल गरिनेछ। महिला संयम सेविकाको आमा समुह लाई सुदृढिकरण सहित सशक्त रुपमा आवश्यक क्रियाकलाप संचालन गरी क्षमता अभिबृद्धी गर्न पहल गरिनेछ।

९९. दुर्गम स्थानमा बसोबास गरिने आम नागरिकका लागि समय सापेक्ष आवश्यकता अनुसार एकीकृत घुम्ति स्वास्थ्य शिविर संचालन गरिने छ।

१००. पुर्ण खोप पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकारलाई स्थापित गर्न पालिका स्तरीय तथा वार्ड स्तरिय पुर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रम लाई निरन्तरता दिइनेछ।

१०१. स्थापना भएका पोषण कर्नरहरुलाई व्यवस्थित गर्ने तथा स्वस्थ्य स्वस्थ्य संस्थामा पोषण बगैंचा स्थापना गरिन आवश्यक पहल गरिने छ।

१०२. विपद व्यवस्थापन कोष स्थापना गरी विपद व्यवस्थापन सम्वन्धित स्थानीय समितिलाई सक्रिय वनाइने छ ।

१०३. व्यवस्थित प्रयोगशाला निर्माणको लागि आवश्यक पलह गरिने छ ।

१०४. स्वास्थ्य बिमा सम्बन्धि वडा स्तरिय प्रशिक्षण कार्यक्रम संचालन का लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

*बहुक्षेत्रीय पोषण कार्यक्रमतर्फ*

१०५. नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहु-क्षेत्रीय पोषण योजना कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिनेछ ।

१०६. बहु क्षेत्रीयपोषण योजनाले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्रासीको लागि विषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र संवेदनशिल क्रियाकलापहरु सञ्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बालपोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदि समेतमा बहु-क्षेत्रीय पोषण योजनालाई समावेश गर्दै लगिने छ।

१०७. यस अदानचुली गाउँ पालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्यालने उद्देश्यका साथ वहु क्षेत्रिय पोषण योजनालाई प्राथमिकताका साथ कार्यन्वयन गर्नको लागि आवश्यक व्यवस्था गरिएको छ ।

१०८. बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषणमैत्री स्थानीय शासन अवलम्बन गर्न पोषण मैत्री वडा घोषणा अभियानलाई प्राथमिकतामा राखी वडाहरुबाट पोषण मैत्रिक घोषणा कार्यक्रम थालनी व्यवस्था गरेको छु ।

ई) संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन तर्फ

१०९. सेवा प्रवाहलाई सबै वडामा सूचना तथा प्रविधिमा आबद्ध गरी छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गरिनेछ।

११०. लेखाप्रणालीलाई चुस्तदुरुस्त बनाउन सुत्र सफ्टवेयर प्रयोग गरि लेखा व्यवस्थापन **PAMS** को प्रयोय गरी जिन्सी व्यवस्थापन गरियोको छ । त्यसैगरि योजना, दर्ता चलानी तथा प्राविधिक फाँटमा समेत सफ्टवेयर मार्फत कार्यक्रम सञ्चालन गरिने गरी यस आ. व. मा व्यवस्था गरेको छु ।

१११. पदाधिकारी एवं कर्मचारीहरुको क्षमता विकासमा जोड दिइनेछ। सो कार्यका लागि आवश्यक बजेट को व्यवस्था गरिएको छ।

११२. सेवा प्रवाहमा सहजता ल्याउन गाउँकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई फर्निचर, कम्प्युटर तथा मेसिन औजारको प्रबन्ध गरी जुनसुकै अवस्थामा पनि सेवा प्रवाह गर्न सकिने अवस्था कायम गरिनेछ।

११३. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासन प्रति प्रतिबद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त र उत्तरदायी एवं जफावदेही बनाइनेछ र भ्रष्टाचारप्रति शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ।

११४. गाउँपालिकाको समृद्धिका लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुन सक्ने लाभ अवसर र सम्भावनालाई खोजी गरी यस क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक वृद्धि गरिनेछ।

११५. दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव छैन। राजश्वका क्षेत्र पहिचान गरी दायरा विस्तार गर्ने प्रयास गरिएको छ।साथै साविकका स्थानीय निकायले लगाउँदै आएको सेवा शुल्क र दस्तुरको दरमा सामान्य परिमार्जन गरिएको छ।

११६. प्राकृतिक स्रोतको उपयोग र निकासीमा बढ्दो चुहावट नियन्त्रण गर्न जिल्ला समन्वय समितिसँग समन्वय गरिनेछ।स्थानीय समुदाय एव स्थानीय प्रशासन सुरक्षा निकायसँगको

सहकार्यमा अनुगमनलाई तिव्रता दिने तथा चुहावट नियन्त्रणमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

११७. आत्मनिर्भर गाउँपालिकाको सोच अनुरुप बढी भन्दा बढी आन्तरिक राजश्व परिचालन गर्न स्व-घोषणामा आधारित कर निर्धारण पद्दति आवलम्वन गरिनेछ। नागरिक स्वयंलाई कर दायित्वको जिम्मेवारी बोध गराउन जोड दिइनेछ।

११८. गाउँपालिकाबाट संचालन हुने सेवा एक द्धारा प्राणालीबाट सञ्चालन गर्नको लागि यसै आ.व.बाट गाउपालिकाको चमेना गृह संचालनमा ल्याइने छ ।

११९. स्थानीय दर रेट तथा जग्गाको मुल्य निर्धारण गरी अनुमोदनको लागि जिल्लामा पठाइने व्यवस्था गरेका छौं ।

१२०. स्थानीय बजार अनुगमन तथा सुपरिवेक्षण गरि उपभोक्ता हित संरक्षणको लागि गरिएका कार्यका निरन्तरता कायम गरेको छु ।

१२१. कर्मचारीहरुलाई सेवा कालिन तथा अन्य क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिने छ ।

१२२. सेवा प्रवाहलाई व्यवस्थित गर्न सम्पुर्ण सेवाहरु अनलाइन मा आधारित बनाउने ।

१२३. असारे सेवा प्रवाहलाई कम गर्न नियमित एवं संघ,प्रदेश तथा स्थानीय निकायको बजेट कार्यक्रम अनुसार कार्य प्रणाली सुचारु गरिने छ ।

१२४. योजना शाखाबाट संचालन गरिने कार्यहरुलाई छिटो छरितो पारदर्शि जवाफदेही वनाउनको लागि सफ्टवेयर प्रणालीमा काम संचालन गरिने छ ।

उ) श्रम तथा रोजगार सेवा तर्फ

१२५. आन्तरिक रोजगारी प्रवर्धन, दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादन, सुरक्षित, मर्यादित तथा नियमित वैदेशिक रोजगारीका अवसर जस्ता पक्षहरुको समुचित विकास गर्न यस अदानचुली गाउँपालिकाले **पाँच वर्षे रोजगार रणनीति**, २०८०/०८१-२०८५/०८६ बनाई लागु गरिनेछ। बेरोजगार र रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्शाङ्कन कार्य अघि बढाइनेछ ।

१२६. न्यूनतम रोजगारीको प्रत्याभूति हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अझ प्रभावकारी रुपमा भौतिक पुर्वाधारको विकास अघि बढाउन सामुदायिक आयोजनाहरुमा पालिकाको

अनिवार्य लागत साझेदारी गरिनेछ। संघ तथा प्रदेश सरकारले ल्याएको कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ । स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ।

१२७. स्थानीय स्तरमा रोजगारीको सृजना तथा प्रवर्धनको लागि सार्वजनिक निर्माण कार्यहरुमा प्राविधिक शाखाको प्रतिवेदन अनुसार श्रममूलक प्रविधिको प्रयोग गर्ने नीति लिइनेछ। समान श्रम मा समान ज्यालाको प्रत्याभुती का साथै प्रत्येक श्रमिकलाई प्राविधिक शाखाले इस्टिमेट मा उल्लेख गरे बमोजिम नै वा जिल्ला दर रेट मा भुक्तानी गर्नका निम्ति आवश्यक नीति अपनाइनेछ।

१२८. आफ्नो माटो चिनौ, आफ्नै गाउँ बनाऔं स्वावलम्बन अभियान सञ्चालन गरी युवाहरुलाई रोजगारीका अवरस पहिचानमा सहजीकरण गरिनेछ। यसका लागि युवा लक्षित नविनतम व्यवसायलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछन, जसमा नविनतम व्यवसाय गर्ने युवाहरुलाई कार्यविधि बनाई प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने कार्यक्रमहरु ल्याइनेछ। युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी रोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्धमीहरुलाई प्रोत्साहित गरिनेछ ।

१२९. अदानचुली गाउँपालिकामा एउटा सीप विकास तालिम केन्द्र स्थापना गरी एकिकृत तथा एकद्वार प्रणाली बाट तालिम प्रदान गर्ने पद्धतिको विकास गरी दक्ष तथा सक्षम जनशक्ति विकासका लागि सीप मुलक तालिम को व्यवस्था गरिनेछ।

१३०. पालिका भित्रै रहेका श्रमिक तथा वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिहरुले प्राप्त गरेको ज्ञान र सीप समेटिने गरि वडागत रुपमा व्यवस्थित तथ्याङ्कको अभिलेखिकरण गरि श्रम बैंकको स्थापना गरिनेछ।

१३१. श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीका आवेदनलाई सरल, सुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई सुध्रिढिकरण गरिनुका साथै वैदेशिक रोजगारी का अवसरहरु प्राप्त गर्न सहजिकरण गर्ने व्यवस्था मिलाइनेछ।

१३२. प्रत्येक बेरोजगार परिवारलाई समान श्रमको अवसर प्रदान गर्ने उद्देश्य सहित यस पालिका मा सञ्चालन हुने संघ, प्रदेश तथा स्थानीय तहमा प्राप्त हुने विकास निर्माण वा अन्य ठेक्का

का प्रत्येक आयोजनामा चाहिने श्रमिकहरु रोजगार सेवा केन्द्र, अदानचुलीमा सूचिकृत बेरोजगार सूचीबाट मात्र लगाउने व्यवस्था गरिनेछ। यसरी छनौट गरिएका श्रमिकहरुको श्रमको भुक्तानी सिधै बैंक मार्फत गरिनेछ।

१३३. आफ्नो गाउँ, सुन्दर बनाऊ भन्ने नारालाई आत्मसाथ गर्न श्रमदान को भावनालाई बलियो रुपमा अघि बढाइनेछ। प्रत्येक महिनाको अन्तिम शनिवार जनसमुदाय लाई आत्मसाथ गर्दै कर्मचारी तथा जनप्रतिनिधि समेत को संलग्नतालाई जनश्रमदान मा बढवा दिइनेछ।

१३४. श्रमिकहरुलाई आयोजनामा काम गर्न आवश्यक पर्ने सुरक्षा सामाग्री तथा औजारहरुको व्यवस्था गरिनेछ। प्रत्येक वडा कार्यालयमा सो सुरक्षा सामाग्री तथा औजारहरुको रेखदेख गर्ने जिम्मा दिईनेछ। आयोजनामा उपयोग गर्दा माग फाराम भरी वडाको आन्तरिक राजश्व को रुपमा न्यूनतम भाँडा दर तय गरि उपयोग गरिनेछ।

१३५. यसरी रोजगार सेवा केन्द्र मा दर्ता गरिएका बेरोजगारहरुलाई सार्वजनिक विकास निर्माणका आयोजनामा काम लगाउनु पुर्व श्रमिकहरुको सामुहिक बिमा का लागि कोष छुट्याइनेछ।

१३६. श्रम सम्बन्धलाई प्राथमिकता दिंदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक वित्तीय क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ ।

१३७. रोजगार सेवा केन्द्रको सञ्चालन व्यवस्थापनमा थप प्रभावकारी वनाउनका लागि उचित वजेटको व्यवस्था गरिनेछ ।

१३८. भारत तथा वैदेशिक रोजगारीबाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई उद्धमसिलता विकास गराउन विउँ पुँजी उपलव्ध गराउने गरी आवश्यक व्यवस्था गरिनेछ ।

१३९. कामको सम्मान, स्वरोजगार उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ।

ऊ) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण तर्फः

१४०. प्रविधिमैत्री सेवा इकाइको स्थापना गरी सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यलाइ प्रभावकारी ढङ्गले संचालन गरिनेछ ।

१४१. सामाजिक सुरक्षा कार्यक्रमलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन सूचना प्रविधिको उपयोग गरिनेछ। सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको विवरण सफ्टवेयरमा प्रविष्टि का लागि पहल गरिने छ।

१४२. पञ्जीकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणाली लाई निरन्तरता र थप सुधार गरिनेछ।

१४३. पुराना व्यक्तिगत घटना दर्ता किताबलाई व्यवस्थित गर्न पुराना ढड्डाहरुलाई डिजिटाइज गरिनेछ ।

१४४. घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ। प्रत्यक वडामा घटना दर्ता तथा सामजिक सुरक्षा दर्ता शिविर संचालन गरिनेछ ।

१४५. सामाजिक सुरक्षा तथा घटना दर्ता लाई व्यवस्थित गर्न समय-समयमा मुल्यांकन, अनुगमन तथा घटना दर्ता सप्ताह मनाइने ।

१४६. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालानार्थ वडा कार्यालयका लागी छुट्टै डेक्सटपको व्यवस्था गरिनेछ ।

ऋ) वित्तिय शुशासन तर्फ

१४७. गाउँपालिकाको भिडियो पार्स्वचित्र आवधिक योजना र गुरु योजना जस्ता कार्यहरु सञ्चालन गरिनेछ।

१४८. गाउँपालिकामा सञ्चालन गरिने सबै सेवाहरु पारदर्शी, जवाफदेही बनाउनका लागि सम्बन्धित पक्षलाई सक्रिय बनाइनेछ।

१४९. गाउँपालिकामा रहेका आर्थिक प्रशासन, आन्तरिक लेखा परिक्षण, भण्डारण शाखा र कार्यालय प्रमुखहरुको कामहरु अन्तर सम्बन्धित रही अघि बढिनेछ।

१५०. सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन-२०६४ नियमावली -२०६५ मा भएका व्यवस्था अनुसार कार्यालय सञ्चालन तथा कार्यसम्पादन सम्झौता गरी अघि बढाइनेछ।

१५१. पालिकाको आफ्नै जग्गा खरिद ऐन लागु गरिनेछ।

१५२. यस अदानचुली गाउँपालिकाका लागि आवश्यक पर्ने करार कर्मचारीका सम्बन्धमा आवश्यकता पहिचान गरी थप घट तथा निरन्तरता दिने नीति लाई अंगिकार गरिएको छ।

१५३. पालिका भित्रका सबै प्रकारका आर्थिक क्रियाकलापहरु तथा व्यवसायहरुलाई राजश्व प्रसासनको दायरामा ल्याइनेछ। यसका लागि व्यवसाय दर्ता, नविकरण सम्बन्धि वडा स्तरिय अभियानमुलक कार्यक्रम गरिनेछ।

नीति तथा कार्यक्रम प्रमाणिकरण → ..............................

मोहन विक्रम सिंह

अध्यक्ष, अदानचुली गाउँपालिका

## खण्ड ङ) तर्जुमा का आधारहरु

सभाध्यक्ष महोदय, अब म अदानचुली गाउँपालिकाले आ.व.२०८०/०८१ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- ✓ नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची।
- ✓ नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु।
- ✓ नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली।
- ✓ नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन।
- ✓ संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु।
- ✓ संघीय सरकारले आवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु।
- ✓ स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु।
- ✓ नेपालले अन्तराष्ट्रिय जगतमा जनाइएका प्रतिवद्धताहरु।
- ✓ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- ✓ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- ✓ संघ प्रदेश स्थानीय तह(समन्वय तथा अन्तर सम्वन्ध) ऐन, २०७७
- ✓ संघिय अर्थमन्त्रालयको आ.व.२०८०।०८१ बजेट वक्तव्यले गरेका व्यवस्थाहरु।
- ✓ स्थानीय शासन ऐन नियमावलीका प्रावधानहरु।
- ✓ विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तनर विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास वालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु।

२०८०/०५/१७
मोहन विक्रम सिंह
अध्यक्ष

अ) योजना/आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु

- यस गाउँपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधारहरु ।
- उत्पादनमूलक र शिघ्र प्रतिफल दिने ।
- आर्थिक विकास र गरिवी न्यूनीकरण एंव रोजगारीमा योगदान पुर्याउने ।
- छिटोछरितो र प्रभावकारी रुपमा सेवा प्रभाव हुने ।
- पारदर्शीता र सुशासन अभिवृद्धि हुने ।
- स्थानीय स्रोत साधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने ।
- प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।
- परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन हुने ।
- वातावरण संरक्षण र दीगो विकासमा टेवा पुर्याउने ।
- गाउँपालिकाको राजश्व संकलनमा अभिवृद्धि हुने ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।

आ) सुचना तथा संचार प्रविधि तर्फ

- कार्यपालिकाको वैठकलाई मार्यधित तथा व्यवस्थित तुल्याउनको लागि एक टेवल एक रोष्टमको व्यवस्था गरिने छ ।
- न्यायिक समितिबाट सिफारिस भएका फरक क्षमताका व्यक्तिहरुको परिचय पत्रलाई **Digitalization** गरिने व्यवस्था गरिने छ ।
- सूचना प्रणालीलाई यस आ.व. बाट नै **Digitalization** गरि विद्युतिय सूचना पार्टी मार्फत जानकारी गराइने व्यवस्था गरिने छ ।
- हाल विश्व नै एक गाउ भएको सन्दर्भमा सूचना तथा संचार प्रविधिको भरपुर रुपमा प्रयोग हुने गरी विभिन्न तालिम एवं प्रविधि प्रयोगका कार्यक्रम तय गरिने छ।



CamScanner

## खण्ड च) मुख्य कार्यक्रमहरु र विनियोजित बजेट

अध्यक्ष महोदय तथा गाउँसभाका सदस्य ज्यूहरु,

अब म आगामी ०८०।०८१ मा सञ्चालन गरिने मुख्य कार्यक्रमहरु र विनियोजित बजेट विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१५४. गाउँपालिकामा समायोजन हुन आउने विभिन्न विषयगत कार्यालयहरू तथा विकास साझेदारहरू बाट प्राप्त हुने बजेट प्राप्त कार्यक्रमकै आधारमा खर्च गर्ने व्यवस्था मिलाइनेछ।

१५५. आगामी आर्थिक वर्षको लागि आयतर्फ खर्च व्यहोर्ने स्रोत मध्ये

क) **राजस्व तर्फ** नेपाल सरकार बाट रु ५ करोड ७३ लाख ८५ हजार ३ सय रुपैयाँ तथा प्रदेश सरकारबाट रु २ लाख ४६ हजार ३ सय ७६ रुपैयाँ

ख) **वित्तीय समानिकरण अनुदान** अन्तर्गत नेपाल सरकार बाट रु. ६ करोड ९३ लाख, र प्रदेश सरकारबाट रु ६८ लाख ५३ हजार

ग) **ससर्त अनुदानबाट** नेपाल सरकार बाट रु. १२ करोड २३ लाख मात्र

घ) विशेष अनुदान तथा समपुरक अनुदान तर्फ संघ सरकार तथा प्रदेश सरकार दुवै बाट शुन्य रकम प्राप्त भएको छ ।

२०८०।०५।१० 
मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

अनुसुची-०१

## आ.व. २०८०/०८१ यस गाउँपालिका को विभिन्न शाखा, कार्यक्रम तथा वडाहरुमा विनियोजित गरिएको बजेटको विवरण

| शीर्षक | आ. व. २०७९/८० |
|---|---|
| आय | २५ करोड ७० लाख ८४ हजार ६ सय ७६ |
| राजस्व | |
| आन्तरिक राजस्व | १० लाख |
| संघिय राजस्व बाँडफाँट बाट प्राप्त | ५ करोड ७३ लाख ८५ हजार ३ सय |
| प्रदेश सवारी साधन करको बाँडफाँट बाट प्राप्त | २ लाख ४६ हजार ३७६ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | |
| संघिय वित्तीय समानिकरण अनुदान | ६ करोड ९३ लाख |
| संघिय ससर्त अनुदान (चालू) | १० करोड ७८ लाख |
| संघिय ससर्त अनुदान (पुँजीगत) | १ करोड ४५ लाख |
| प्रदेश समानिकरण अनुदान | ६८ लाख ५३ हजार |
| प्रदेश ससर्त अनुदान (चालू) | - |
| प्रदेश ससर्त अनुदान (पुँजीगत) | - |
| जनसहभागिता | |
| नगद सहभागिता | - |
| श्रम तथा वस्तुगत सहायता | - |
| व्यय | |
| चालू खर्च | २० करोड १२ लाख ३१ हजार ६७६ |
| पुँजीगत खर्च | ५ करोड ५८ लाख ५३ हजार |
| बजेट वचत (+)/न्यून (-) | ०/- |
| वित्तीय व्यवस्था | ०/- |
| खुद ऋण लगानी | ०/- |
| ऋण लगानी (-) | ०/- |
| ऋण लगानीको सावाँ फिर्ता प्राप्ति | ०/- |
| खुद ऋण प्राप्ति | ०/- |
| अन्तिम बजेट वचत (+)/न्यून (-) | ०/- |

गाउँ कार्यपालिकाको कार्यालय

श्रीनगर,हुम्ला

कर्णाली प्रदेश,नेपाल।

आ.व.२०८०।०८१ को चालु खर्च तर्फको प्रस्तावित बजेट

| क्र.स | खर्च संकेत | खर्च आधार शीर्षक,मूल शीर्षक,शीर्षक तथा उपशीर्षक | श्रोत | निकासा विधि | कूल बजेट | संघिय वित्तिय समानीकरण | संघिय राजश्व बाँडफाँडबाट प्राप्त राजश्व | प्रदेश सवारी साधनबाट प्राप्त राजश्व | प्रदेश वित्तिय समानीकरण अनुदान | आन्तरिक श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | नेपाल सरकार | नगद | १५०००००० | १५०००००० | | | | |
| २ | २११२१ | पोशाक | नेपाल सरकार | नगद | ६००००० | ६००००० | | | | |
| ३ | २११२३ | औषधी उपचार खर्च | नेपाल सरकार | नगद | १०००००० | ० | | | | १०००००० |
| ४ | २११३१ | स्थानीय भत्ता | नेपाल सरकार | नगद | ३५००००० | ३५००००० | | | | |
| ५ | २११३२ | महंगी भत्ता | नेपाल सरकार | नगद | १२००००० | १२००००० | | | | |
| ६ | २११३४ | कर्मचारी बैठक भत्ता | नेपाल सरकार | नगद | १०००००० | ० | ९८५३०० | १४७०० | | |
| ७ | २११३९ | अन्य भत्ता | नेपाल सरकार | नगद | ८००००० | ० | ८००००० | | | |
| ८ | २११४१ | पदाधिकारी बैठक भत्ता | नेपाल सरकार | नगद | ३०००००० | ३०००००० | | | | |
| ९ | २११४२ | पदाधिकारी अन्य सुविधा | नेपाल सरकार | नगद | ६०००००० | ६०००००० | | | | |
| १० | २२१११ | पानी तथा बिजुली | नेपाल सरकार | नगद | ४००००० | ० | ४००००० | | | |
| ११ | २२११२ | संचार महशुल | नेपाल सरकार | नगद | ५००००० | ० | ५००००० | | | |
| १२ | २२२११ | इनधन (पदाधिकारी) | नेपाल सरकार | नगद | २०००००० | ० | २०००००० | | | |
| १३ | २२२१२ | इनधन (कार्यालय प्रयोजन) | नेपाल सरकार | नगद | १५००००० | ० | १५००००० | | | |
| १४ | २२२१३ | सवारी साधन मर्मत खर्च | नेपाल सरकार | नगद | ३५००००० | ० | ३५००००० | | | |
| १५ | २२२१४ | बिमा तथा नवीकरण खर्च | नेपाल सरकार | नगद | ५००००० | ० | ५००००० | | | |
| १६ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | नेपाल सरकार | नगद | ५००००० | ० | ५००००० | | | |
| १७ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | नेपाल सरकार | नगद | ५२३१६७६ | ० | ५०००००० | २३१६७६ | | |
| १८ | २२३१४ | इनधन अन्य प्रयोजन | नेपाल सरकार | नगद | ५००००० | ० | ५००००० | | | |
| १९ | २२३१५ | पत्रपत्रिका,छपाइ तथा सूचना प्रकाशन खर्च | नेपाल सरकार | नगद | ३०००००० | ० | ३०००००० | | | |
| २० | २२३१९ | अन्य कार्यालय संचालन खर्च | नेपाल सरकार | नगद | ५००००० | ० | ५००००० | | | |
| २१ | २२४११ | सेवा र परामर्श खर्च | नेपाल सरकार | नगद | १०००००० | ० | १०००००० | | | |

अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवयर संचालन खर्च | नेपाल सरकार | नगद | १०००००० | ० | १०००००० | | | |
| २३ | २२४१३ | करार सेवा शुल्क | नेपाल सरकार | नगद | १६०००००० | ० | १६०००००० | | | |
| २४ | २२५११ | कर्मचारी तालिम खर्च | नेपाल सरकार | नगद | ८००००० | ० | ८००००० | | | |
| २५ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | नेपाल सरकार | नगद | १४००००० | ५००००० | ९००००० | | | |
| २६ | २२५२२ | कार्यक्रम खर्च | नेपाल सरकार | नगद | ३०००००० | ० | ३०००००० | | | |
| २७ | २२६११ | अनुगमन,मूल्यांकन खर्च | नेपाल सरकार | नगद | ५०००००० | ० | ५०००००० | | | |
| २८ | २२६१२ | भ्रमण खर्च | नेपाल सरकार | नगद | २०००००० | ० | २०००००० | | | |
| २९ | २२७११ | विविध खर्च | नेपाल सरकार | नगद | ५०००००० | ० | ५०००००० | | | |
| ३० | २२७२१ | सभा संचालन खर्च | नेपाल सरकार | नगद | १०००००० | ० | १०००००० | | | |
| ३१ | २२७११ | छात्रवृत्ति | नेपाल सरकार | नगद | १०००००० | ० | १०००००० | | | |
| ३२ | २७२१२ | उद्दार,राहत तथा पुनर्स्थापना खर्च | नेपाल सरकार | नगद | १०००००० | ० | १०००००० | | | |
| ३३ | २७२१३ | औषधी खरिद खर्च | नेपाल सरकार | नगद | २५००००० | २५००००० | ० | | | |
| ३४ | २८१४२ | घरभाडा | नेपाल सरकार | नगद | १०००००० | १०००००० | | | | |
| ३५ | २८१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडा | नेपाल सरकार | नगद | १५००००० | १५००००० | | | | |
| | | जम्मा | | | ९३४३१६७६ | ३४८००००० | ५७३८५३०० | २४६३७६ | | १०००००० |

2080/03/10

मोहन विक्रम सिंह
अध्यक्ष

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर,हुम्ला
कर्णाली प्रदेश,नेपाला

## आ.व.२०८०।०८१ को पूंजीगत खर्च तर्फको प्रस्तावित बजेट

| क्र.सं. | खर्च संकेत | खर्च आधार शीर्षक,मूल शीर्षक,शीर्षक तथा उपशीर्षक | श्रोत | निकासा विधि | कूल बजेट | संघिय वित्तिय समानीकरण | संघिय राजश्व बाँडफाँडबाट प्राप्त राजश्व | प्रदेश सवारी साधनबाट प्राप्त राजश्व | प्रदेश वित्तिय समानीकरण अनुदान | आन्तरिक श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३११२२ | मेशिनरी तथा औजार | नेपाल सरकार | नगद | २५००००० | | | | २५००००० | |
| २ | ३११२३ | फर्निचर तथा फिक्चर्स | नेपाल सरकार | नगद | २५००००० | ११४७००० | | | १३५३००० | |
| ३ | ३११३४ | कम्प्यूटर सफट्वयर निर्माण तथा खरिद खर्च | नेपाल सरकार | नगद | १०००००० | १०००००० | | | | |
| ४ | ३११३५ | पूजीगत परामर्श खर्च | नेपाल सरकार | नगद | २५००००० | २५००००० | | | | |
| | | जम्मा | | | ८५००००० | ४६४७००० | | | ३८५३००० | |

२०८०।०३।१०
मोहन विक्रम सिंह
अध्यक्ष

श्रीमान् सभाध्यक्ष महोदय

उपस्थित महानुभावहरु

१५६. विविध समस्याहरूका माझमा हिँड्दै गर्दा अपेक्षित लक्ष्य हासिल गर्न केही समय लाग्न सक्छ तर लक्ष्य पुरा नै नहुने भन्ने होइन। थप समन्वय, सहकार्यका साथ हाम्रा विकास प्रयासहरूलाई अझ मजबुत बनाईंदै लगिने कुरामा तपाइहरूलाई विश्वास दिलाउन चाहन्छु।

१५७. यसरी आ. व. २०८०।०८१ को नीति तथा कार्यक्रम र बजेट को उत्तरार्धमा पुगिरहँदा बजेट बनाउन सहयोग पुऱ्याउनु हुने गाउँ सभा, गाउँ कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यूहरु, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पूर्ण विषयगत समितिका पदाधिकारी ज्यूहरु, वस्तीस्तरीय भेलादेखि सहभागी भइ आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय, बजेट निर्माण प्रकृयामा अहोरात खटिरहनु भएका कर्मचारी मित्र लगायत बजेट निर्माण प्रकृयामा प्रत्यक्ष र परोक्ष रुपले सहभागी हुनुहुने एवम् अमुल्य सहयोग, सद्भभाव र सल्लाह दिनुहुने सम्पूर्ण प्रति आभार व्यक्त गर्दछु ।

१५८. अदानचुली गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने अदानचुली गाँउपालिकाका नागरिक कर प्रदायकहरू अदानचुली गाउँपालिकाको हित र समुन्नतिका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरू र संचार माध्यमहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

***धन्यवाद***

..................

कर्ण रोकाया

उपाध्यक्ष, अदानचुली गाउँपालिका

बजेट प्रमाणिकरण → ............................

मोहन विक्रम सिंह

अध्यक्ष, अदानचुली गाउँपालिका



CamScanner